# केदारस्युँ गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः२०८१|१०|०२

भागः २

### न्यायिक समिति सदस्य, न्यायिक प्रशासनमा कार्यरत कर्मचारी मेलमिलापकर्ता तथा स्वयमसेवकको सेवा सुविधा सम्बन्धि कार्यविधि २०८१

**प्रस्तावना:** केदारस्यूँ गाउँपालिकाको न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवादहरु मेलमिलाप प्रक्रियाद्धारा समाधान गरि प्रक्रियागत चरणमा सहयोग गरे वापत प्राप्त गर्ने सेवा सुविधा ईजलास भत्ता वा यातायात तथा खाजा खर्च उपलब्ध गराउनु पर्ने आवस्यकता देखिएकोले,

केदारस्यूँ गाउँपालिकाको प्रसासकिय कार्यविधि( नियमित गर्ने) ऐन २०७४ को दफा ४ को उपदफा (१) बमोजिम केदारस्यूँ गाउँपालिका बैठकले न्यायिक समिति सदस्य, प्रशासनमा कार्यरत कर्मचारी तथा मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यविधि २०८१ पारित गरेको छ।

**परिच्छेद- १**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कायाविधिको नाम " न्यायिक समिति सदस्य, न्यायिक प्रशासनमा कार्यरत कर्मचारी, मेलमिलाकर्ता तथा स्वयमसेवकको सेवा सुविधा सम्बन्धि कार्यविधि २०८१"हुनेछ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** (१) विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

(क) "अध्यक्ष" भन्नाले केदारस्यूँ गाँउपालिकाको अध्यक्षलाई सम्झनुप्र्छ।

(ख) "उजुरी प्रशासक" भन्नाले न्यायिक समितिको सचिवालयमा कार्यसम्पादनमा हजिकरण गर्न व्यवस्थापन गरिएको कर्मचारीलाई सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले केदारस्यूँ गाँउपालिकाका उपाध्ययलाई सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले प्रशासकिय कार्यविध (नियमित गने) ऐन, २०७४ सम्झनुप्रछ।

(ङ) "कायापालिका" भन्नाले केदारस्यूँ गाँउकायापालिका लाई सम्झनुपर्छ।

(च)"कायाविधि" भन्नाले केदारस्यूँ गाँउपालिकाको न्यायिक समिति सदस्य, न्यायिक प्रशासनमा कार्यरत कर्मचारी तथा मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धि कार्यविधि २०८१ लाई सम्झनुप्रर्छ।

(छ) "गाँउपालिका" भन्नाले केदारस्यूँ गाँउपालिका सम्झनु प्रर्छ।

(ज) "**दर्ता अधिकारी, डिफन्डर वा स्वंयमसेवक**" भन्नाले कानुनी सहायता कक्षमाकार्यरत न्यायिक समितिमा दर्ता हुन आउने विभिन्न प्रकृतिका उजुरी तथा मस्यौदा तयारी गर्ने व्यक्ती लाई सम्झनुपर्छ।

(झ) "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ र स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ४६ बमोजिम गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठित न्यायिक समिति सम्झनुपर्छ।

(ञ)"प्रमखु प्रशासकिय अधिकृत भन्नाले केदारस्यूँ गाँउपालिकाको प्रमखु प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ।

(ट)"मेलमिलापकर्ता" भन्नाले केदारस्यूँ गाँउपालिकाद्वारा संचालित ९ वटै वडा र सोही वडाको मेलमिलापकेन्द्रमा कार्यरत ४८ घण्टाको आठ दिने मेलमिलाप सम्बन्धि आधारभुत तालिम प्राप्त व्यक्तिलाई सम्झनुपर्छ।

(ठ)"मेलमिलापकेन्द्र" भन्नाले केदारस्यूँ गाँउपालिकाले गाउँपालिका मेलमिलापकेन्द्र संचालन सम्बन्धि कार्यविधि २०७७ बमोजिम स्तापना भएको सामुदायिक मेलमिलापकेन्द्र सम्झनुपर्छ।

(ड)"म्यादतामेलदार" भन्नाले विवाद दर्ता भएपछि प्रतिवादिका नाममा प्रचलित कानुनमा तोकिएको म्याद बमोजिम वा नतोकिएको भए कम्तिमा एक हप्ता वा पन्द्र दिनको म्याद लिई म्याद सुचना, आदेश पुर्जि वा जानकारी पत्र बुझाउने वा कानुनि सहायता कक्षमा कार्यरत कर्मचारी लाई सम्झुपर्छ।

(ढ) "वडा कार्यालय" भन्नाले केदारस्यूँ गाँउपालिकाका ९ वटै वडा लाई म्झनुपर्छ।

(ण)"सेवा सुविधा" भन्नाले केदारस्यूँ गाँउपालिकाको न्यायिक समिति सदस्य उजुरी, प्रशासक म्यादतामेलदार र सबै वडाको सामुदायिक मेलमिलापकेन्द्रमा कार्यरतमेलमिलापकर्ताहरुले विवाद मिलाएबाफत सुरु (दर्ता) देखि अन्तिम (मिलापत्र) चरण सम्मको जिम्मेवारी अनुसार ईजलास भत्तावा यातायात तथा खाना खर्च भनि दिईने रकम बुझ्नुपर्छ।

## परिच्छेद -२

### ३. न्यायिक समिति सदस्य, सचिवालयमा कार्यरत कर्मचारी तथा मेलमिलापकर्ताको सेवा सुविधाः

(१) केदारस्यूँ गाँउपालिकाले न्यायिक समिति सदस्य, सचिवालयमा कार्यरत कर्मचारी तथा मेलमिलापकर्ताहरु लाई देहायको अवस्थामा देहाय बमोजिम बैठक, ईजलास वा यातायात तथा खाना, खाजा खर्च उपलब्ध गराउनेछ।

(क) न्यायिक समिति सचिवालयमा कार्यरत कर्मचारी र मेलमिलापकर्ताहरुको नियमित रुपमा बैठकमा बसे बाफत रु १०००।०० यातायात खर्च वाफत एकमुष्ट रकम रु ५००। प्राप्त गर्नेछ। साथै न्यायिक समिति सचिवालय प्रसासकियमा कार्यरत कर्मचारी लाई संचार खर्च वाफत प्रति महिना रु ५००।०० प्राप्त गरिने छ।

(ख) न्यायिक समिति र मेलमिलापकेन्द्रमा मेलमिलाप गराए न्यायिक समिति पदाधिकारी तथा न्यायिक प्रशासनकर्चारी तथा मेलमिलमपकर्तालाई ईजलासवा मेलमिलाप गराए वाफत भत्ता रयातायात खर्च रकम प्राप्त गर्नुपर्नेछ।

(ग) न्यायिक समिति र मेलमिलापकेन्द्रमा एउटा विवाद मेलमिलाप र बैठक वापतसचिवालयमा कार्यरत कर्मचारी तथा मेलापकर्तालाई मिलापत्र भत्ता वाफत रु १५००। प्रदान गरिने छ।बैठक तथा ईजलास संचालनमा समावेस भएवाफत माथि उल्लेखित पदाधिकारी तथा हर्मचारीहरु लाई बैठक भत्ता खाना खाजा खर्च उपलब्ध गराईने छ।

(घ) मेलमिलाप सत्रमा तिन जना न्यायिक समिति सदस्य र न्यायिक सचिवालय कर्मचारी तथा मेलमिलापकर्ताको टोली रहनेछ।

(ङ) मेलमिलापकर्ताहरुले मेलमिलाप हुदा सहमती हुन सके सहमतीपत्रको फोटोकपी र सहमती हुन नसकेको व्यहोराको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(च) न्यायिक समिति र मेलमिलापकर्ताहरुले मेलमिलाप गरे बापत उक्त छलफल भई मिलापत्र भएको दिनको मात्र सुविधा पाउनेछन्न। तर एउटा विवादमा एक भन्दा बढी सेसन मा फलफल भएमा सो भन्दा बढीको सेवासुविधा भुक्तानी पाउने छैनन।

(छ) कारण बस तिन जना न्यायिक समिति सदस्य र मेलमिलापकर्ता उपस्तित नऐई दुई जना मात्र विवाद समाधान गर्न मेलमिलमप प्रक्रियामा बसे पनि सोही दरले सेवासुविधा भुक्तानी पाईनेछ।

(ज) मेलमिलापकर्ताहरुले मेलमिलाप प्रक्रियामा बसी मेलमिलाप प्रक्रिया सहमती भए सहमतिको आवस्यक कागजात र सहमती हुन नसकेको भए मेलमिलाप हुन नसकेको प्रतिवेदनको विवरण प्रत्येक महिना न्यायिक समिति समक्ष एक प्रति प्रमाणपत्रको लागी उपलब्ध गराउनुपर्नेछ।

(झ) मेलमिलाप गराउँदा मेलमिलमपकेन्द्रलाई आवस्यक पर्ने मसलन्द सम्बन्धित वडा कार्यालय वा न्यायिक समितिले उपलब्ध गराउनेछ।

(ञ) उजुरी प्रशासक कर्मचारीले न्यायिक समिति सदस्य सरह विवाद मिलाय बाफत उक्त दिनको सेवासुविधा , ईजलास र बैठक भत्ता लिन पाईनेछ।

(ट) म्यादतामेलदार वा न्यायिक प्रशासन कर्मचारीले प्रति म्याद सूचना गरे बाफत रु ३००। तिनसय का दरले सेवासुविधा लिन पाईनेछ।

(ठ) न्यायिक स्वयमसेवकले विभिन्न प्रकृतिका विवाद उजुरीहरु नि:शुल्क रुपमा लेखि सहजिकरण गरेबाफत मासिक रुपमा रु ७५००।०० अक्षरेपी सात हजार पाँच सयका दरले सेवासुविधा दिईनेछ ।

**पररच्छेद-३**

**विविध**

४. **कार्यविधिको व्याख्या:**यस कार्यविधिमा उल्लेखित कुनै विषयमा दुविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या केदारस्यूँ गाउँपालिकाले गर्नेछ।

५. **कार्यविधि संशोधन:** यस कार्यविधिका प्रावधानहरुमा गाउँपालिकाले आवस्यकता बमोजिम संशोधन गर्न सकिने छ।

६. **बाधा अड्चन फुकाउ :**स्थानिय सरकार सञ्चालन ऐन,२०७४ र प्रशासकिय कायाविधि नियमित गने ऐन,२०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नितिगत निर्णय गर्न आवस्यक भएमा त्यस्तो निर्णय गाउँपालिकाले गर्ने छ।

**आज्ञाले**

**केदारस्यूँ गाउँपालिकाको कार्यलय देउरा,बझाङ**

केदारस्यूँ गाउँपालिका